राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक ३२८ २०८३ असार १३ गते शनिवार (27 June. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## मन्त्रिपरिषद्ले खारेज गर्‍यो अर्थ मन्त्रालयको खर्च नियन्त्रणसम्बन्धी निर्णय

दैनिक समाचारदाता

जनकपुरधाम, १३ असार । मधेश प्रदेश सरकारले खर्च नियन्त्रण र वित्तीय अनुशासन कायम गर्न अर्थ मन्त्रालयले गरेको मन्त्रीस्तरीय निर्णय मन्त्रिपरिषद् बैठकबाट खारेज गरेको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयले २६ जेठमा गरेको निर्णय रद्द गर्ने एकमात्र निर्णय गरेको गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जानकारी दिए।

उनका अनुसार, "आजको मन्त्रिपरिषद् बैठकमा अर्थ मन्त्रालयले २६ जेठमा गरेको निर्णय खारेज गर्ने मात्र निर्णय भएको छ।"




सत्ता गठबन्धन परिवर्तनपछि अर्थमन्त्री बनेका युवराज भट्टराईले २६ जेठमा १० लाख रुपैयाँसम्मका योजना कार्यान्वयन नगर्ने, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्र भुक्तानी गर्ने र त्यसपछिका योजनाको भुक्तानी रोक्ने निर्णय गरेका थिए। उक्त निर्णय कार्यान्वयनका लागि मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा सम्बन्धित निकायलाई परिपत्रसमेत गरिएको थियो।

निर्णयअनुसार कार्यालय सामग्री खरिदतर्फ बाँकी बजेटको ३० प्रतिशत कटौती गरिएको थियो भने इन्धन, सवारीसाधन तथा मेसिनरी मर्मत, सार्वजनिक सम्पत्तिको संरक्षण, छपाइ, सूचना प्रकाशन, तालिम, गोष्ठी, परामर्श, विज्ञापन र भ्रमणलगायत शीर्षकमा बाँकी बजेटको ५० प्रतिशत रकम रोक्का राखिएको थियो।

त्यसैगरी सवारीसाधन तथा मेसिनरी खरिद, वन तथा वातावरण संरक्षण, संरचना निर्माण, सूचना प्रणाली तथा सफ्टवेयर स्थापना, विभिन्न संस्थालाई अनुदान तथा पूँजीगत सहयोग, पशुपन्छी तथा बागवानी विकास तथा विद्युत् संरचना निर्माणलगायत शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण रकम रोक्का गर्ने व्यवस्था पनि गरिएको थियो।

खर्च नियन्त्रणसम्बन्धी उक्त निर्णयपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित केही मन्त्रीहरूले असन्तुष्टि जनाएका थिए। मन्त्रीहरू तथा कर्मचारीहरूले नियमित प्रशासनिक र विकाससम्बन्धी कामकाज प्रभावित भएको गुनासो गर्दै आएका थिए।

विशेषगरी १० लाख रुपैयाँसम्मका साना विकास योजनामा रोक लगाएपछि स्थानीय तहमा सञ्चालन भइरहेका विकास निर्माणका काम प्रभावित भएको भन्दै व्यापक आलोचना भएको थियो।

अर्थमन्त्री भट्टराईले वित्तीय अनुशासन कायम गर्ने, साना तथा छरिएका योजनामा नियन्त्रण गर्ने र अनावश्यक खर्च कटौती गर्ने उद्देश्यले उक्त निर्णय गरेका थिए। तर मन्त्रिपरिषद्ले निर्णय खारेज गरेपछि ती प्रतिबन्धहरू तत्काल हटेका छन्।

यससँगै रोकिएका योजना, तालिम, गोष्ठी तथा अन्य प्रशासनिक खर्चसम्बन्धी कार्यक्रमहरू सम्बन्धित निकायको निर्णयअनुसार पुनः सञ्चालन हुन सक्ने अवस्था बनेको छ।

## रास्वपा महामन्त्रीमा विपिन आचार्य निर्वाचित

दैनिक समाचारदाता

काठमाडौं १२ असार ।



रास्वपाको महामन्त्रीमा विपिन आचार्य निर्वाचित भएका छन् । उनी यसअघि रास्वपाको सहमहामन्त्री हुन् । उनले ६७३ मत प्राप्त गरे ।

निर्वाचित भएलगत्तै उनले ३ दिनको महाधिवेशन व्यवस्थापकीय कमजोरीका कारण ५ दिनभन्दा बढी समय लागेको भन्दै माफी पनि मागे ।

त्यस्तै उनले नेपाली जनताले रास्वपालाई चुनावमा दिएको जिम्मेवारी पूरा गर्न आफू खरो रुपमा उत्रिने पनि बताए ।

'नेपाली जनताले जुन अपेक्षा राखेको छ त्यसमा खरो उत्रिएर जिम्मेवारी पूरा गर्नेछु । विधिसम्मत तरिकाले नागरिकप्रति उत्तरदायी हुने गरी भूमिका खेल्नेछु,' उनले भने, 'महामन्त्रीका रुपमा पार्टीमा इमान्दार योद्दाको रुपमा मलाई धेरैले देख्न सक्नेछ । जहाँ विधि, पारदर्शीता र ऐक्यवद्धतातर्फ लैजान मेरो भूमिका रहन्छ । '

उनले संगठनात्मक सुधारका लागि पनि आफ्नो भूमिका हुने बताए । 'स्थानीय तहको उम्मेदवार उपयुक्त छान्ने तिर मेरो ध्यान हुनेछ । पार्टी सञ्चालन कसरी हुन्छ भन्ने कुराले सरकार सञ्चालनमा पनि प्रभाव राख्ने हुन्छ । मेरो ध्यान यसमा पनि हुन्छ ।'

## दुई राउन्ड गोलीसहित दुई जना पक्राउ

सप्तरी,१२ असार । सप्तरीको बलानबिहुल गाउँपालिका-३ टिकुलियाबाट प्रहरीले दुई राउन्ड गोलीसहित दुई जना युवालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको बलानबिहुल गाउँपालिका-३ का ३२ वर्षीय सुभाषकुमार पासमान र सोही स्थानका २२ वर्षीय धर्मेन्द्र सिंह रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो ।

प्रहरी चौकी बेल्हीबाट खटिएको प्रहरी टोलीले बलान बिहुल गाउँपालिका-३ स्थित टिकुलिया-बेल्ही सडकखण्डमा बाँसको ( टहरा) मचानमा बसेको अवस्थामा शङ्कास्पद उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता घिमिरेले बताउनुभयो ।

बाँकी पृष्ठ ३मा

## सिरहामा साढे २ करोडभन्दा बढीका अवैध सामान बरामद

दैनिक समाचारदाता

सिरहा, १२ असार । सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिरहाले नेपाल-भारत सीमा क्षेत्रबाट अवैध रूपमा ओसारपसार गरिएका साढे दुई करोड रुपैयाँभन्दा बढी मूल्यका सामग्री बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ।



सशस्त्र प्रहरीका अनुसार गएको जेठ महिनामा मात्र एक करोड ८२ लाख ८८ हजार ६६० रुपैयाँ बराबरका अवैध सामान बरामद गरी ठाडी भन्सार कार्यालय, माडर सिरहामा बुझाइएको थियो। यस्तै, असार १२ गतेसम्म ६३ लाख ८० हजार ४८४ रुपैयाँ बराबरका किराना सामान, फर्सीको बीउ, मोटर पार्ट्स तथा अन्य जिन्सी सामग्री बरामद गरिएको छ।

यससँगै जेठ र असारको १२ गतेसम्म गरी कुल दुई करोड ४६ लाख ६९ हजार १४४ रुपैयाँ बराबरका अवैध सामग्री भन्सार कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

यसअघि वैशाख महिनामा पनि एक करोड रुपैयाँभन्दा बढी मूल्यका अवैध सामान बरामद गरिएको थियो। सशस्त्र प्रहरीका अनुसार सीमित स्रोत-साधनका

बाँकी पृष्ठ ३मा

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं ।

*सावधानी अपनाऔं, बचौं र बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



# MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

# ‘बाहुबली ३’ को चर्चा फेरि चुलियो, तर आधिकारिक घोषणा अझै छैन



मुम्बई । ऐतिहासिक सफलता हासिल गरेका दक्षिण भारतीय फिल्महरू ‘बाहुबली’ र ‘बाहुबली २: द कन्क्लुजन’ पछि ‘बाहुबली ३’ बन्ने सम्भावनाबारे फेरि चर्चा सुरु भएको छ ।

हालै नेटफ्लिक्समा सार्वजनिक भएको डकुमेन्ट्री ‘बाहुबली: द टर्चबेयरर’ मा अभिनेता प्रभास र राणा दग्गुबातीले दिएका अभिव्यक्तिलाई लिएर सामाजिक सञ्जालमा नयाँ अड्कलबाजी सुरु भएको हो । यद्यपि, फिल्म निर्माणबारे अहिलेसम्म कुनै आधिकारिक घोषणा गरिएको छैन ।

सन् २०१५ मा प्रदर्शन भएको ‘बाहुबली’ र त्यसको सिक्वेल ‘बाहुबली २: द कन्क्लुजन’ ले भारतीय सिनेमालाई विश्वव्यापी पहिचान दिलाएको मानिन्छ ।

एसएस राजामौलीको निर्देशनमा बनेका यी दुवै फिल्मले बक्स अफिसमा पनि ऐतिहासिक सफलता हासिल गरेका थिए । पहिलो फिल्मले भारतमा ४२१.०० करोड भारतीय रुपैयाँ नेट कमाइ गर्दै विश्वभर ६५०.०० करोड भारतीय रुपैयाँ ग्रस कमाइ गरेको थियो ।

त्यसपछि सन् २०१७ मा आएको ‘बाहुबली २’ ले विश्वभर १,७८८ करोड भारतीय रुपैयाँ ग्रस कमाइ र भारतमा १,०३० करोड भारतीय रुपैयाँ नेट कमाइ गर्दै भारतीय सिनेमामा पहिलो पटक १,००० करोड क्लबको सुरुआत गरेको थियो ।

नेटफ्लिक्समा सार्वजनिक डकुमेन्ट्रीमा प्रभास, राणा दग्गुबाती र अनुष्का शेट्टीले फिल्म निर्माणको अनुभव सुनाइरहेका बेला राणा दग्गुबातीले सम्भावित ‘बाहुबली ३’ तर्फ संकेत गरेका छन् ।

उनले भने, ‘मलाई थाहा छैन, यो कुरा सबैका अगाडि भन्नु उचित हो कि होइन । तर राजामौली र शोबु गारु (निर्माता) यहाँ नभएकाले मनमा लागेको कुरा भन्छु । सायद संसार अहिले यसको लागि तयार छैन, तर ‘बाहुबली’को यात्रा अगाडि बढ्नेछ ।’

राणाको यो भनाइपछि प्रभास र अनुष्का शेट्टी हाँस्न थालेका थिए । त्यसपछि प्रभासले तीन औंला देखाएको दृश्य पनि डकुमेन्ट्रीमा देखिन्छ । यही दृश्यलाई आधार बनाएर धेरै प्रशंसकले ‘बाहुबली ३’ बन्ने संकेतका रूपमा व्याख्या गरेका छन् । डकुमेन्ट्रीको अन्तिम भागमा प्रभासले ‘यो विरासत निरन्तर अगाडि बढिरहनेछ’ भनेपछि पनि यस्ता अनुमानलाई थप बल पुगेको छ ।

***आधिकारिक अवस्था के छ ?***

राणा दग्गुबाती र प्रभासको अभिव्यक्तिपछि ‘बाहुबली ३’ सम्बन्धी चर्चा चुलिए पनि निर्देशक एसएस राजामौली वा निर्माता शोबु यार्लागड्डाले अहिलेसम्म नयाँ फिल्म निर्माणबारे कुनै आधिकारिक घोषणा गरेका छैनन् ।

यद्यपि, सन् २०२५ मा ‘बाहुबली: क्राउन अफ ब्लड’ एनिमेटेड सिरिज सार्वजनिक हुँदा राजामौलीले माहिष्मती साम्राज्यको कथा आगामी वर्षमा विभिन्न माध्यमबाट विस्तार हुने बताएका थिए ।

उनले भनेका थिए, ‘हलिउडमा कुनै फिल्म ब्रान्ड बनेपछि त्यो मल्टिमिडिया फ्रेन्चाइजमा रूपान्तरण हुन्छ । हामीले ‘बाहुबली’का लागि गेम, भीआर फिल्म र सिरिज बनाउने प्रयास गरिसकेका छौं । ‘बाहुबली’ केवल एनिमेटेड सिरिजमा मात्र सीमित रहने छैन । यसको कथा अन्य धेरै माध्यमबाट पनि अगाडि बढ्नेछ ।’

त्यस्तै, ‘बाहुबली’ र ‘बाहुबली २’ लाई समेटेर तयार गरिएको ‘बाहुबली: द एपिक’ रिलिजका क्रममा निर्माता शोबु यार्लागड्डाले पनि अघिल्लो फिल्मको कथा र विरासतलाई भविष्यमा निरन्तरता दिने संकेत दिएका थिए । तर त्यो एनिमेसन, नयाँ फिल्म वा अन्य कुनै माध्यमबाट हुनेछ भन्नेबारे उनले कुनै विवरण दिएका थिएनन् ।

हाल ‘बाहुबली ३’ निर्माणबारे निर्देशक एसएस राजामौली वा निर्माता शोबु यार्लागड्डाबाट अहिलेसम्म कुनै आधिकारिक घोषणा नभएकाले ‘बाहुबली ३’ निर्माणको विषय पुष्टि भएको मान्न सकिँदैन ।

# पिके डन निर्देशित “तरंग” १८ मंसिरमा आउने




काठमाडौं । दुई दशकदेखि नाटक क्षेत्रमा सक्रिय कलाकार प्रदीपकुमार चौधरी ‘पिके डन’को डेब्यू निर्देशकीय फिल्म ‘तरंग’को प्रदर्शन मिति तय गरिएको छ । फिल्म १८ मंसिरदेखि प्रदर्शनमा आउनेछ ।

निर्माताले शुक्रबार पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेका हुन् । देवदत क्रियशनको ब्यानरमा निर्माण भएको फिल्मलाई श्रीराम बालाजी फिल्मको लागि सुनिल मानन्धरले वितरण गर्दैछन् ।

पोस्टरमा प्रमुख कलाकार वरुण अधिकारी, रविना केसी, बारात लिम्बु र कृष्ण थापा फिचर्ड छन् । यो फिल्ममा सारा राई, उज्जल बान्तवा राई, उदय सुब्बा, कुन्दन थारू, उत्तम गुरुङ, जोहन सञ्जोग, विशाल सेनेहाङ्ग र प्रन्शु चौधरीको अभिनय छ ।

तर्कराज जोशी र जितेन्द्रकुमार चौधरी निर्माता रहेको फिल्मका कार्यकारी निर्माता हरिनारायण चौधरी हुन् । महेश पौडेलले छायांकन गरेको फिल्ममा सन्देश शाहको सम्पादन, सम्राट बस्नेतको एक्सन, मनोज थापामगर, पवन गिरी र मनोज महतोको संगीत समावेश छ ।

गीतहरूमा सुगम पोखरेल, मेलिना राई, पवन गिरी, मनोज महतो, मनोज थापा मगरले स्वर भरेका छन् । पार्श्वध्वनि मनिष निरौलाको छ ।

मोरङ, सुनसरी, पाल्पा, रुपन्देही, चितवन र कास्कीमा छायांकन गरिएको फिल्मलाई निर्देशक चौधरीले सुपर नेचुरल लभस्टोरी ( अलौकिक प्रेम कथा)को संगम भनेका छन् । समाजमा देखिँदै आएको भोग्दै आएको भन्दा भिन्न प्रकृतिको प्रेमकथामा फिल्म तयार भएको उनको भनाइ छ । निर्माणमा देवदत क्रियशनसँग एवी फिल्मीले सहकार्य गरेको छ ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# पानीपुरी : स्वादको यात्रा र किस्साहरू



पानीपुरी दक्षिण एसियाको सबैभन्दा लोकप्रिय र मन पराइने स्ट्रीट फुडमध्ये एक हो। नेपाल, भारत, पाकिस्तान र बंगलादेशका विभिन्न स्थानमा फरक-फरक नामले चिनिने यो परिकार स्वाद, संस्कृति र सामाजिक सम्बन्धको एउटा महत्वपूर्ण हिस्सा बनिसकेको छ।

अमिलो, पिरो र मसलेदार पानीले भरिएको पुरीको स्वादले बालबालिकादेखि वृद्धसम्मलाई आकर्षित गर्ने गरेको छ। आज पानीपुरी सडकका ठेलादेखि ठूला रेस्टुरेन्ट र फुड चेनसम्म पुगिसकेको छ।

### *स्वादको यात्रा*

पानीपुरीको वास्तविक उत्पत्तिबारे स्पष्ट ऐतिहासिक प्रमाण भेटिँदैन। यद्यपि, यसको सुरुवात प्राचीन भारतको मगध क्षेत्रमा भएको हुनसक्ने अनुमान गरिन्छ। अहिलेको बिहार, झारखण्ड र आसपासका क्षेत्रलाई समेट्ने मगध तत्कालीन समयको महत्वपूर्ण सांस्कृतिक तथा राजनीतिक केन्द्र थियो। त्यही क्षेत्रमा पहिलोपटक सानो आकारको तारेको पुरीभित्र विभिन्न सामग्री राखेर खाने चलन विकसित भएको मानिन्छ।

त्यतिबेला अहिले जस्तो आलु, चना र मसलेदार पानीको प्रयोग भने थिएन। समयक्रमसँगै विभिन्न क्षेत्रका स्वाद, मसला र पाककलाको प्रभावले यो परिकार परिवर्तन हुँदै आजको पानीपुरीको स्वरूपमा आइपुगेको मानिन्छ।

### *विभिन्न सभ्यता र व्यापारको प्रभाव*

भारतमा मसला व्यापारको विकास, विभिन्न राज्यबीचको सांस्कृतिक आदानप्रदान र विदेशी प्रभावका कारण पानीपुरीमा प्रयोग हुने सामग्री समयसँगै परिवर्तन हुँदै गया। विशेषगरी इमली, कालो नुन, जिरा, धनियाँ, पुदिना, हरियो खुर्सानी र विभिन्न मसालाको प्रयोग बढ्दै गएपछि यसको स्वाद अझ समृद्ध बन्दै गयो।

मुगलकालमा मसला र पाककलामा आएका नयाँ प्रयोगले पनि पानीपुरीलाई थप परिष्कृत बनाएको मानिन्छ। त्यसपछि विभिन्न क्षेत्रका मानिसहरूले स्थानीय स्वादअनुसार यसलाई परिमार्जन गर्न थाले। फलस्वरूप एउटै परिकार भए पनि विभिन्न क्षेत्रमा फरक स्वाद र नाममा विकसित भयो।

### *विभिन्न क्षेत्रमा फरक नाम र फरक स्वाद*

विभिन्न भागमा पानीपुरी फरक-फरक नामले चिनिन्छ। उत्तर भारतमा यसलाई गोलगप्पा भनिन्छ। दिल्ली, हरियाणा, उत्तर प्रदेश र पञ्जाब क्षेत्रमा पाइने गोलगप्पामा मसलेदार र पिरो पानीको प्रयोग बढी हुन्छ।

पश्चिम बंगाल, झारखण्ड र बिहारतिर भने यसलाई पुच्का भनिन्छ। पुच्कामा आलुभन्दा बढी इमली, भुटेको मसला र पिरोपन प्रयोग गरिन्छ। त्यसैले यसको स्वाद अन्य ठाउँको पानीपुरीभन्दा केही फरक हुन्छ।

ओडिशा, छत्तीसगढ र मध्य भारतका केही क्षेत्रमा यसलाई गुपचुप भनेर चिनिन्छ भने मध्य प्रदेशमा फुल्की नामले परिचित छ। महाराष्ट्र र गुजरातमा भने पानीपुरी नाम नै बढी प्रचलित छ। नेपालमा पनि यही नाम लोकप्रिय बनेको छ।

### *नेपालमा पानीपुरीको विस्तार*

नेपालमा पानीपुरीको प्रवेश भारतीय सांस्कृतिक प्रभाव र खुला सीमाका कारण भएको मानिन्छ। विशेषगरी तराई क्षेत्रका बजारमा लोकप्रिय बनेको यो परिकार विस्तारै काठमाडौं उपत्यका, पोखरा, विराटनगर, नेपालगञ्ज, बुटवल लगायतका सहरमा फैलियो।

सुरुका दिनमा भारतीय शैलीमा बनाइने पानीपुरी अहिले नेपाली स्वादअनुसार पनि परिमार्जन भएको छ। नेपालमा आलु, केराउ, चना, प्याज, भुजिया, चटपटे मसला लगायतका सामग्री मिसाएर बनाइने पानीपुरी निकै लोकप्रिय छ। कतिपय ठाउँमा स्थानीय स्वाद मिलाउन कागती, टिमुर र अन्य नेपाली मसला समेत प्रयोग गरिन्छ।

### *सडकबाट रेस्टुरेन्टसम्म*

एक समय सामान्य सडक खानाका रूपमा चिनिने पानीपुरी अहिले आधुनिक खाद्य व्यवसायको महत्वपूर्ण हिस्सा बनेको छ। धेरै रेस्टुरेन्ट, फास्टफुड सेन्टर र फुड कोर्टहरूले विभिन्न स्वादका पानीपुरी उपलब्ध गराउन थालेका छन्।

केही वर्षयता पानीपुरीमा नयाँ-नयाँ प्रयोग पनि भएका छन्। दही पानीपुरी, चीज पानीपुरी, स्प्राउट्स पानीपुरी, चकलेट पानीपुरी, फायर पानीपुरी, पुदिना पानीपुरी, हिङ पानीपुरी र विभिन्न फ्लेभरयुक्त पानीपुरीले बजारमा स्थान बनाएका छन्। सामाजिक सञ्जालमा यस्ता नयाँ संस्करणका भिडियोहरू भाइरल भएपछि यसको लोकप्रियता झन् बढेको छ।

### *स्वास्थ्यसँगको सम्बन्ध*

पानीपुरी स्वादिलो भए पनि यसको स्वास्थ्य प्रभाव प्रयोग गरिने सामग्री र सरसफाइमा निर्भर हुन्छ। घरमा स्वच्छ पानी, ताजा तरकारी र गुणस्तरीय सामग्री प्रयोग गरेर बनाइएको पानीपुरी तुलनात्मक रूपमा सुरक्षित मानिन्छ।

पुदिना, धनियाँ, जिरा, अदुवा र कागतीजस्ता सामग्रीले पाचन प्रक्रियामा सहयोग पुऱ्याउन सक्छन्। चना र केराउले शरीरलाई केही मात्रामा प्रोटिन र फाइबर पनि उपलब्ध गराउँछन्। तर अत्यधिक मसला, नुन र अस्वच्छ पानी प्रयोग गरिएमा पेटसम्बन्धी समस्या, खाद्यजन्य संक्रमण र झाडापखालाको जोखिम बढ्न सक्छ। त्यसैले स्वास्थ्य विशेषज्ञहरूले पानीपुरी खाँदा सरसफाइमा विशेष ध्यान दिन सुझाव दिने गरेका छन्।

### *पानीपुरीको रोचक तथ्यहरू*

***नामको अर्थ :*** पानीपुरी अर्थात् 'गोलगप्पा' शब्द 'गोल' गोलाकार कुरकुरे पुरी र 'गप्पा' एकै पटक मुखमा हालेर गप्लक्क निल्दा आउने आवाजबाट आएको हो।

***खाने शैली :*** यो एकै पटकमा खानुपर्छ, नत्र पुरी भिजेर नरम हुन्छ। धेरै विक्रेताहरूले त्यो भिजेर नरम नहोस् भनेर हातबाट हातमा सिधै दिन्छन्। अन्तिममा 'सुख्खा पानी नभएको दिने चलन छ।

***विश्व कीर्तिमान :*** इन्दोरमा एक पटक ५१ स्वादका पानीपुरी बनाइएको कीर्तिमान छ। ठूला पुरी खाने र छोटो समयमा धेरै पुरी खाने प्रतियोगिताहरू प्रचलित छन्।

***आधुनिक रूपान्तरण :*** अहिले चकलेट पानी, फलफूल पानी, मासु भर्ने, हावा-भुटेको पुरी, मदिरा मिसाएको जस्ता नयाँ संस्करणहरू आएका छन्। टिकटक र सामाजिक सञ्जालमा यस्ता रेसिपीहरू चर्चित छन्।

***स्वास्थ्य सम्बन्धी :*** परम्परागत रूपमा धनिया, पुदीना र इमलीको पानी पाचनका लागि राम्रो मानिन्छ। तर सरसफाइ र मितव्ययितामा ध्यान दिनुपर्छ। अनलाइनबाट

# ५ लाख 'ड्रोन योद्धा' तयार गर्दै दक्षिण कोरिया



एजेन्सी

सोल। उत्तर कोरियाबाट बढ्दो सैन्य खतरा सामना गर्न दक्षिण कोरियाले ठुलो स्तरको ड्रोन तथा काउन्टर-ड्रोन क्षमता विस्तार गर्ने घोषणा गरेको छ। योजनाअनुसार करिब ५ लाख 'ड्रोन योद्धा'लाई तालिम दिइनेछ र अग्रपंक्तिका सैनिक युनिटहरूमा हजारौं ड्रोन प्रणालीहरू वितरण गरिनेछ।

दक्षिण कोरियाली रक्षा मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको योजनाअनुसार सन २०२९ सम्ममा करिब १ लाख १० हजार ड्रोन उत्पादन गर्ने लक्ष्य राखिएको छ, जसलाई सेना, नौसेना, वायुसेना र मरीनमा प्रयोग गरिनेछ।

लक्ष्य अनुसार ड्रोनलाई अब विशेष इकाइको उपकरण मात्र नभई सामान्य सैनिकको दैनिक युद्ध सामग्री बनाइनेछ। ड्रोन अब सीमित इकाइको उपकरण होइन, सबै सैनिकको साझा युद्ध उपकरण बन्नुपर्छ भन्दै यसलाई दोस्रो व्यक्तिगत हतियार सरह प्रयोग गरिने रक्षा मन्त्री आह्न ग्यू-ब्याकले बताए। उनका अनुसार सुरक्षा जोखिमलाई ध्यानमा राख्दै सबै प्रणाली चिनियाँ पार्ट्स बिना पूर्ण रूपमा घरेलु उत्पादनमा आधारित हुनेछ।

मन्त्रालयले यो निर्णय युक्रेन र पश्चिम एशियाका युद्धहरूबाट सिकिएको पाठसँग सम्बन्धित भएको जनाएको छ। यी युद्धमा सस्तो र ठुलो संख्यामा प्रयोग गरिने ड्रोनहरूले युद्धको स्वरूप नै परिवर्तन गरिदिएका छन्। उत्तर कोरिया पनि ड्रोन प्रविधिमा तीव्र रूपमा अघि बढिरहेको छ, जसले दक्षिण कोरियाका सैन्य तथा नागरिक संरचनाहरूलाई थप जोखिममा पार्न सक्ने चेतावनी दिँदै मन्त्रीले भने।

दक्षिण कोरियाले लेजर र हाई-पावर माइक्रोवेभ हतियारजस्ता काउन्टर-ड्रोन प्रणाली विस्तार गर्ने योजना पनि बनाएको छ। साथै, प्रत्येक सैन्य शाखाले केन्द्रीय कमान्डमा निर्भर नभई आफैं ड्रोनबाट निगरानी र आक्रमण सञ्चालन गर्न सक्ने व्यवस्था गरिनेछ। यस बाहेक पनि २० हजार भन्दा कम लागतका एक पटक प्रयोग हुने ड्रोन, एआईमा आधारित स्वार्म (झुण्ड) प्रणाली, र लक्षित क्षेत्रमा घुम्ने हतियार पनि भित्र्याइनेछ।

## सिरहामा........

बाबजुद गत वर्षको तुलनामा यस वर्ष तस्करी नियन्त्रणमा उल्लेखनीय सफलता हासिल भएको छ।

नेपाल-भारत सीमाको करिब ४६ किलोमिटर क्षेत्रमा गस्ती र निगरानी बढाइएकाले तस्करी गतिविधिमा कमी आएको दाबी गरिएको छ।

सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाले गोप्य सूचनाका आधारमा दिनरात सीमा क्षेत्रमा निगरानी बढाइएको र नेपाल-भारतबीच अवैध रूपमा ओसारपसार हुने सामान नियन्त्रणमा लिने अभियान निरन्तर जारी रहेको बताए।

उनका अनुसार सशस्त्र प्रहरीले तस्करी नियन्त्रणसँगै सीमा गस्ती, विपद् व्यवस्थापन तथा सुरक्षा गतिविधिलाई पनि प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ। खुला सीमाका कारण हुन सक्ने अवैध गतिविधि रोक्न २४सै घण्टा गस्ती परिचालन गरिएको र संयुक्त सुरक्षा गस्तीलाई समेत थप प्रभावकारी बनाइएको उनले जानकारी दिए।

## दुई राउन्ड.....

उहाँका अनुसार शरीर खानतलासीका क्रममा सुभाषकुमार पासमानको साथबाट 'आठ एमएम' लेखिएको दुई राउन्ड गोली बरामद भएको जानकारी दिनुभयो।

प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिई खरखजानासम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ। रासस

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# उद्योग मन्त्रालयको एक सय दिने ३२ कार्य समयअघि नै सम्पन्न

दैनिक समाचारदाता
काठमाडौं, १२ असार । उद्योग मन्त्रालयले सरकारको एक सय दिने शासकीय सुधार कार्ययोजनाअन्तर्गत आफूलाई तोकिएका ३२ वटा कार्य निर्धारित समयभन्दा अघि नै सम्पन्न गरेको जनाएको छ।
उद्योगमन्त्री गौरिकुमारी यादवले मन्त्रालयले सम्पन्न गरेका कार्यहरूको विस्तृत प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाएको उनको सचिवालयले जानकारी दिएको छ। मन्त्री यादवले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पुगेर प्रगति विवरणसहितको फाइल प्रधानमन्त्रीलाई हस्तान्तरण गरेकी हुन्। सरकारले सार्वजनिक गरेको एक सय दिने कार्ययोजनाअनुसार अझै एक साता बाँकी रहे पनि उद्योग मन्त्रालयले आफ्नो जिम्मेवारी समयअघि नै पूरा गरेको दाबी गरेको छ।
कार्ययोजनाअनुसार मन्त्रालयले नीतिगत सुधार, औद्योगिक वातावरण सुदृढीकरण, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, लगानीमैत्री वातावरण सिर्जना गर्ने, उद्योग प्रशासनलाई थप चुस्त बनाउने तथा प्राथमिकतामा रहेका विभिन्न कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेको थियो।मन्त्री यादवले जनविश्वास अभिवृद्धि, सुशासनको प्रवर्द्धन र परिणाममुखी कार्यशैलीलाई संस्थागत गर्ने उद्देश्यका साथ मन्त्रालयले तीव्र गतिमा काम गरेको बताएकी छन्। उनका अनुसार मन्त्रालयका कर्मचारी, सम्बन्धित निकाय र सरोकारवालाबीचको समन्वयका कारण निर्धारित जिम्मेवारी समयमै पूरा गर्न सम्भव भएको हो। मन्त्रालयले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख गरिएका कार्यहरूको प्रभावकारिता र उपलब्धिको मूल्याङ्कन भने आगामी कार्यान्वयन र नतिजाका आधारमा हुने अपेक्षा गरिएको छ।



## बारामा ९३ हजार मेट्रिकटनभन्दा बढी धान उत्पादन

बारा,१२ असार । जिल्लामा यस वर्ष ९३ हजार ३३० मेट्रिकटन चैतेधान उत्पादन भएको छ । जिल्लामा १८ हजार ३०० हेक्टर क्षेत्रफलमा गरिएको खेतीबाट ९३ हजार ३३० मेट्रिकटन उत्पादन भएको हो ।
कृषि ज्ञानकेन्द्रका प्रमुख राजनारायण साहले किसानले विभिन्न जातका चैते धान १८ हजार ३०० हेक्टर क्षेत्रफलमा खेती गरेकामा प्रतिहेक्टर पाँच दशमलव एक मेट्रिकटनका दरले उत्पादन भएको जानकारी दिनुभयो । उत्पादित धान कलैया बजारमा प्रतिक्विन्टल रु दुई हजारमा बिक्री हुने गरेको जनाउँदै कृषि अर्थ विज्ञ गणेश महराले सो बिक्रीबापत रु एक अर्ब ८६ करोड ६६ लाख बराबर आम्दानी भएको उल्लेख गर्नुभयो ।
गत वर्ष १८ हजार हेक्टर क्षेत्रफलमा खेती गरिएकामा प्रतिहेक्टर पाँच दशमलव एक मेट्रिकटनका दरले रु दुई अर्ब एक करोड ९६ लाख बराबर आम्दानी भएको थियो । रासस

## आदिवासी पत्रकारको क्षमता अभिवृद्धिका लागि सिमरामा प्रशिक्षण

दैनिक समाचारदाता
बारा, १२ असार । आदिवासी जनजाति पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले बाराको सिमरामा एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।
आम सञ्चार प्राधिकरण, जनकपुरधामको आयोजना तथा आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मधेश प्रदेश समितिको समन्वयमा आयोजित कार्यक्रममा मधेश प्रदेशका आदिवासी पत्रकारहरूलाई ज्ञान र सीप अभिवृद्धिसम्बन्धी प्रशिक्षण प्रदान गरिएको हो।
प्रशिक्षणमा आदिवासी जनजाति महासंघ (नेफिन) का अध्यक्ष निमा लामा ह्योल्मो, फोनिजका सल्लाहकार अमरध्वज लामा तथा फोनिजका अध्यक्ष लक्की चौधरीले सहजीकरण गरेका थिए। कार्यक्रममा आदिवासी समुदायका अधिकार, सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने विषय, पत्रकारको भूमिका तथा आदिवासी मुद्दामा प्रभावकारी पैरवी गर्ने तरिकाबारे छलफल गरिएको थियो। साथै जल, जंगल, जमिन, जडीबुटी,



भाषा, संस्कार र संस्कृतिको संरक्षण, संवैधानिक अधिकारको कार्यान्वयन, कानुन निर्माणमा भएको ढिलाइ तथा आदिवासीका मुद्दा सञ्चारमाध्यममा पर्याप्त रूपमा स्थान नपाउनुका कारणबारे पनि जानकारी गराइएको थियो।
यसका अतिरिक्त, अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) महासन्धि-१६९, मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र तथा संविधानले सुनिश्चित गरेका अधिकारहरूको कार्यान्वयन अवस्थाबारे सहभागी पत्रकारलाई जानकारी दिइएको थियो। सरकारले आदिवासी समुदायसँग विगतमा गरेका विभिन्न सम्झौता र तिनको कार्यान्वयन अवस्थाबारे पनि संक्षिप्त रूपमा छलफल गरिएको थियो।
प्रशिक्षण कार्यक्रममा मधेश प्रदेशका आठ जिल्लाबाट आएका आदिवासी पत्रकार तथा फोनिजका संघीय समितिका सदस्यसहित १४० भन्दा बढी पत्रकारको सहभागिता रहेको थियो। कार्यक्रम आम सञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाको सभापतित्वमा सम्पन्न भएको थियो।

# 'राष्ट्रपतिमाथि दबाब परेको सुनेको छु' : प्रचण्ड



दैनिक समाचारदाता
विराटनगर, १२ असार । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रपतिमाथि दबाब सिर्जना भइरहेको आफूले सुनेको दाबी गरेका छन्।
विराटनगरमा आयोजित पार्टी कार्यक्रमलाई सम्बोधन गर्दै उनले केही व्यक्तिहरूले आफूलाई "राष्ट्रपति धेरै दिन टिक्दैनन्" भन्ने कुरा सुनाएको बताए। यद्यपि उनले आफ्नो भनाइलाई सार्वजनिक रूपमा प्राप्त जानकारी र सुनाइमा आधारित दाबीका रूपमा प्रस्तुत गरेका छन्।
प्रचण्डले रास्वपाको नेतृत्वमा रहेको सरकार संविधानविपरीत गतिविधिमा लागेको आरोप लगाउँदै संघीय व्यवस्था, प्रदेश संरचना तथा समावेशी र समानुपातिक प्रणालीमाथि प्रहार भइरहेको दाबी गरे।
उनले भने, "संघीयता, प्रदेश सभा तथा समावेशी समानुपातिक व्यवस्थाविरुद्ध खुलेआम प्रहार भइरहेको छ। संविधान खारेज गर्ने उद्देश्यले राष्ट्रपतिमाथि दबाब परेको कुरा सुन्नमा आएको छ। केहीले त मलाई 'अब राष्ट्रपति धेरै दिन टिक्दैनन्, पद छोड्न दबाब छ' भन्ने बताएका छन्।"
प्रचण्डको यो अभिव्यक्तिबारे सम्बन्धित पक्षबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको छैन।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२





- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

**रामेश्वरम सर्जिकल उद्योग**
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४



# बैंकको ऋण बढ्यो, तर ७ हजारभन्दा बढी कर्जा खाता बन्द

दैनिक समाचारदाता
काठमाडौं, १२ असार । चालु आर्थिक वर्षको वैशाख महिनामा बैंक तथा वित्तीय संस्थाको ऋण लगानी बढे पनि कर्जा खाता भने ७ हजारभन्दा बढीले घटेको छ। नेपाल राष्ट्र बैंकका अनुसार वैशाख महिनामा मात्र करिब एक अर्ब रुपैयाँ नयाँ कर्जा थपिएसँगै चालु आर्थिक वर्षको १० महिनामा कुल ३ खर्ब १२ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ। तर सोही अवधिमा ७ हजार १७७ वटा कर्जा खाता बन्द भएका छन्। बैंकरहरूका अनुसार नयाँ कर्जाको माग कमजोर भएकाले नयाँ खाता खासै खुलेका छैनन्। साथै, लामो समयदेखि प्रयोगमा नरहेका, साना रकमका वा प्रक्रिया पूरा नभएका कर्जा खाता बन्द गरिएकाले संख्या घटेको हो।
केही बैंकका प्रमुख कार्यकारी अधिकृतहरूले व्यवसाय विस्तारका लागि अनुकूल वातावरण नहुँदा धेरैले कर्जाको प्रक्रिया सुरु गरे पनि अन्ततः ऋण नलिएर खाता बन्द गरेको बताएका छन्। पुराना र निष्क्रिय खाता हटाउने बैंकहरूको अभियानले पनि कर्जा खाताको संख्या घटाएको उनीहरूको भनाइ छ।नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु पौडेलका अनुसार शून्य वा अत्यन्त सानो कर्जा भएका तथा अपलेखन प्रक्रियामा रहेका खाताहरू एकैपटक बन्द गरिएकाले वैशाखमा संख्या धेरै देखिएको हो। बैंक शाखा गाभिने (मर्जर) प्रक्रियाले पनि यसमा केही प्रभाव पारेको उनले बताए। तथ्यांकअनुसार चालु आर्थिक वर्षको चैतसम्म २० लाख ४४ हजार ६१२ रहेको कर्जा खाता वैशाखमा घटेर २० लाख ३७ हजार ४३५ पुगेको छ। यसअघि कात्तिक महिनामा पनि ४ हजारभन्दा बढी कर्जा खाता घटेको थियो।
यद्यपि कर्जा खाता घटे पनि निक्षेप खाता भने बढिरहेको छ। वैशाख महिनामा मात्र ३ लाखभन्दा बढी निक्षेप खाता थपिएका छन्। वैशाखसम्म बैंक तथा वित्तीय संस्थामा कर्जा र निक्षेप गरी कुल ६ करोड २७ लाख २३ हजार खाता पुगेका छन्।


अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्मिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४